# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३२) काठमाडौं, असोज ११ गते २०३६ साल (संख्या २४

श्री ५ को सरकार

### कानून तथा न्याय मन्त्रालयको

### सूचना

विशेष अदालत ऐन, २०३१ को दफा ३ को उपदफा (१), (२) र दफा ५ को उपदफा (१), (२) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले यो आदेश जारी गरेको छ ।

कानून तथा न्याय मन्त्रालयको उप-सचिव श्री राधाकृष्ण रन्जितकारको एक सदस्यीय विशेष अदालत गठन गरिएको छ ।

उखडासम्बन्धी ऐन, २०२१ बमोजिमको मुद्दाहरू फछर्यौट गर्न नवलपरासी, कपिलवस्तु र रूपन्देही जिल्लाहरूको लागि गठन भएका विशेष अदालतहरू श्री ५ को सरकारको निर्णयले मिति २०३७।३।१० को नेपाल राजपत्रमा प्रकाशित सूचना अनुसार बिघटन हुँदा किनारा हुन बाँकी भै लुम्बिनी अञ्चल अदालतमा सरेका मुद्दाहरू सो अञ्चल अदालतबाट झिकी कारवाई र किनारा गर्न यस विशेष अदालतलाई तोकी सुम्पिएको छ ।

यस विशेष अदालतको अवधि सम्बन्धित जिल्लामा गै कार्य प्रारम्भ गरेको मितिले १ (एक) वर्षको हुनेछ । यसको मुकाम रूपन्देही जिल्लाको सदरमुकाममा रहनेछ र आवश्यकता परेमा लुम्बिनी अञ्चलको कुनै पनि सम्बन्धित जिल्लामा आफ्नो मुकाम कायम गर्न सक्नेछ ।

आज्ञाले,
ध्रुववर सिंह थापा
श्री ५ को सरकारको सचिव

३९५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

३१६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।